# भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय तथा अन्तर्गतका निकायहरुमा कार्यरत खोजकर्ता, उत्कृष्ट अभ्यासहरु (Best Practices) का प्रयोगकर्ता तथा कार्यान्वयनकर्ता निजामती कर्मचारीहरुको विवरण (Profile)

## भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय

१) समाजशास्त्री श्री शोभा भण्डारी, वातावरण तथा समाजिक शाखा ।

२) कार्यालय सहयोगी श्री **रिता खत्री**, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय ।

## सडक विभाग

१) सि.डि.ई. (मे.) श्री शिवराम यादव, हेभी इक्विपमेन्ट डिभिजन, काठमाण्डौ ।

२) योजना प्रमुख श्री प्रेम प्रकाश खत्री, ११ किलो-छेपेटार-भालुस्वाँरा-बारपाक सडक योजना, गोरखा ।

३) योजना प्रमुख श्री गणेश कुमार गौतम, पुल योजना, पश्चिम क्षेत्र, सेक्टर नं.३ ।

४) सि.डि.ई. श्री लक्ष्मी दत्त भट्ट, सडक विभाग, योजना अनुगमन तथा मुल्यांकन शाखा ।

५) ईन्जिनियर श्री अञ्जु परियार, सडक विभाग, पुल महाशाखा ।

६) ईन्जिनियर श्री दशरथ यादव, डिभिजन सडक कार्यालय, चरिकोट ।

७) कार्यालय सहयोगी श्री टहल बहादुर जिरेल, सडक विभाग ।

## यातायात व्यवस्था विभाग

१) शाखा अधिकृत श्री वीरेन्द्र बहादुर स्वार, यातायात व्यवस्था विभाग ।

## रेल विभाग

१) मेकानिकल ईन्जिनियर श्री विनोद कुमार ओझा, साइट कार्यालय, जनकपुर ।

**भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयमा कार्यरत उत्कृष्ट अभ्यासहरु (Best Practices) का प्रयोगकर्ता तथा कार्यान्वयनकर्ता निजामती कर्मचारीहरुको विवरण (Profile)**

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, वातावरण तथा समाजिक शाखामा कार्यरत समाजशास्त्री श्री शोभा भण्डारीले आफ्नो कार्य सम्पादनको सिलसिलामा निर्वाह गरेको भूमिका र उत्कृष्ट अभ्यासहरु (Best Practices) सम्बन्धी विवरण (Profile) :

नामः शोभा भण्डारी ।

दर्जाः समाजशास्त्री ।

श्रेणीः राजपत्रांकित तृतीय ।

क.सं.नं.: १९७२०२

सेवा/समूह/उपसमूहः नेपाल विविध सेवा ।

कार्यालयः भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, सिहंदरबार, काठमाण्डौ ।

जन्म मितिः २०४१।११।१३

सेवा प्रवेश मितिः २०६८।०३।२३

हालको श्रेणीमा निर्णय मितिः २०६८।०३ ।२३

हालको कार्यालयमा कार्यरत मितिः २०७०।०४।०१

**सम्पादित कार्य / Best Practices हरु**

१. श्री भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, वातावरण तथा समाजिक शाखामा रही प्रारम्भिक वातावरणीय परीक्षण (IEE), प्रारम्भिक वातावरणीय परीक्षणको कार्यसूची (TOR), वातावरण प्रभाव मूल्याङ्कन (EIA) तथा वातावरण प्रभाव मूल्याङ्कनको कार्यसूची तथा क्षेत्र निर्धारण (SD,TOR) सम्बन्धि सम्पूर्ण कार्यहरु गरेको ।

२. विभिन्न निकायहरुबाट स्वीकृतीका लागि आएका IEE, TOR तथा EIA प्रतिवेदनहरुमा छलफल तथा प्रतिकृयाका लागि विभिन्न meeting तथा presentation हरु सञ्चालन गरी स्वीकृतीका लागि कार्यहरु गरेको ।

३. दिगो शहरी यातायात आयोजना, आयोजना समन्वय कार्यालय तथा आयोजना कार्यान्वयन इकाइमा कार्यरत भई घर तथा टहराको क्षतीपूर्ती वितरण, Resettlement Action Plan (RAP) सम्बन्धि सम्पूर्ण कार्य तथा IEE of Kathmandu sustainable urban Transport Project को प्रतिवेदनमा कार्य गरी कार्यान्वयन भएको ।

४. सहकारी तथा गरिवी निवारण मन्त्रालय, गरिव घरपरिवार सहयोग समन्वय बोर्डको सचिवालयको आयोजनामा अन्तर मन्त्रालय सामाजिक सुरक्षा सम्बन्धि कार्यक्रम (गोष्ठि) मा श्री भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयबाट भए गरेका कार्यहरुको प्रभावकारी रुपमा कार्यपत्र प्रस्तुती गरेको ।

५. श्री विज्ञान, प्रविधि तथा वातावरण मन्त्रालयको वातावरण संरक्षण ऐन तथा नियमावली संसोधन, वातावरणीय प्रभाव मूल्याङ्कन निर्देशिका २०७१, श्री स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको राष्ट्रिय जनसंख्या नीति, २०७१ सम्बन्धि विषयहरुमा सक्रियता पूर्वक सहभागी भई मन्त्रालयको तर्फबाट राख्नु पर्ने विषयहरु समावेश गरिएको ।

६. लैङ्गिक सहायक सम्पर्क व्यक्ती तथा Climate Change focal person को रुपमा आवश्यकता अनुसार सहभागी भई मन्त्रालयको अवधारणा प्रस्तुत गरेको ।

७. श्री विज्ञान, प्रविधि तथा वातावरण मन्त्रालय, श्री वन तथा भूसंरक्षण मन्त्रालय, श्री महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय तथा यस मन्त्रालय मातहतका निकायहरुसंग वातावरण तथा सामाजिक क्षेत्रसंग सम्बन्धित कार्यमा समन्वयकारी भूमिका निर्वाह गरेको ।

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयमा कार्यरत **कार्यालय सहयोगी** श्री रिता खत्रीले आफ्नो कार्य सम्पादनको सिलसिलामा निर्वाह गरेको भूमिका र उत्कृष्ट अभ्यासहरु (Best Practices) सम्बन्धी विवरण :

| | |
|---|---|
| कर्मचारीको नामः | रिता खत्री |
| संकेत नम्बरः | १४९९४२ |
| पदः | कार्यालय सहयोगी |
| सेवाः | नेपाल प्रशासन |
| समूहः | सामान्य प्रशासन समूह |
| लिङ्गः | महिला |
| समावेशीताको आधारः | अनुशासित, वफादार र कार्यालयको काम प्रति जिम्मेवार वोध गर्ने, महिला |
| सुरु नियुक्ति मितिः | २०७५।०७।२९ |
| हालको पदमा नियुक्ति मितिः | २०७५।०७।२९ |
| हाल कार्यरत कार्यालय र भौगोलिक क्षेत्र | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, घ |
| यस अघि काम गरेको भौगोलिक क्षेत्र | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, घ |
| कर्मचारीले विभागीय कारवाही पाए/नपाएको विवरण | नपाएको |
| असाधारण विदा लिए/नलिएको विवरण | नलिएको |
| सिफारिस गरिएको पुरस्कार | निजामती सेवा पुरस्कार |
| पुरस्कारका लागि सिफारिस गर्नुपर्नाको कारण तथा कर्मचारीले गरेको उदाहरणीय कार्य | • आफूलाई तोकिएको कार्य अत्यन्त लगनशीलता, इमान्दारी र जिम्मेवारीपूर्वक गर्ने गरेको ।<br>• आफ्नो कार्यमा सदा दत्तचित्त र अनुशासित महिला कर्मचारी ।<br>• हालसम्म कुनै किसिमको पुरस्कारमा सिफारिसमा नपरेको । |

# सडक विभागमा कार्यरत खोजकर्ता, उत्कृष्ट अभ्यासहरु (Best Practices) का प्रयोगकर्ता तथा कार्यान्वयनकर्ता निजामती कर्मचारीहरुको विवरण (Profile)

सडक विभाग अन्तर्गत हेभी इक्विपमेन्ट डिभिजन, काठमाण्डौका डिभिजन प्रमुख श्री शिवराम यादवले आफ्नो कार्य सम्पादनको सिलसिलामा निर्वाह गरेको भूमिका र उत्कृष्ट अभ्यासहरु (Best Practices) सम्बन्धी विवरण (Profile) :

नामः शिवराम यादव ।

दर्जाः डिभिजन प्रमुख ।

श्रेणीः राजपत्रांकित द्वितिय ।

क.स.न.: १५९८६१

सेवा/समूह/उपसमूहः नेपाल इन्जिनियरिङ्ग/मेकानिकल/निर्माण उपकरण सम्भार ।

कार्यालयः हेभी इक्विपमेन्ट डिभिजन, काठमाण्डौ ।

जन्म मितिः २०२४।६।२८

सेवा प्रवेश मितिः २०५२।३।१३

हालको श्रेणीमा निर्णय मितिः २०६६।६।२७

हालको कार्यालयमा कार्यरत मितिः २०७१ भाद्र देखि

**<u>सम्पादित कार्य / Best Practices हरु</u>**

२०७२ साल वैशाख १२ गते गएको महाभूकम्प तथा शक्तिशाली परकम्पका कारण अपार जनधनको क्षति हुनुका साथै भौतिक संरचनामा समेत ठूलो हानी भई विभिन्न स्थानमा सडक यातायात समेत अवरुद्ध भएकोमा निजबाट भएका उत्कृष्ट कार्यहरुको विवरण :

- महाभूकम्प पश्चात तत्काल हेभी इक्विपमेन्टहरु परिचालन गरी गंगवु र आसपासको क्षेत्र, धरहरा, बसन्तपुर, बालुवाटार, भक्तपुर, पाटनबाट प्रभावित व्यक्तिहरुलाई जीवितै उद्धार गर्ने, निधन भएका व्यक्तिहरुको शव निकाल्ने कार्यमा प्रशंसनीय भूमिका निर्वाह गरेको ।
- बसन्तपुर दरबार परिसरमा भत्केको संरचनाभित्र पुरिएका सुन, चाँदी आदी मूल्यवान वस्तुको खोजतलास र व्यवस्थापन कार्यमा सहयोग पुऱ्याएको ।
- नेपाली सेनाको हेडक्वार्टरमा केन प्रयोग गरी सुरक्षा सामग्री, गोलिगट्ठा इत्यादी व्यवस्थापन गर्ने कार्यमा सहयोग पुऱ्याएको ।

- भूकम्पको कारण धराप बनेका संरचनाहरुलाई हेभी इक्विपमेन्ट प्रयोग गरी सुरक्षित तरिकाले भत्काउने/व्यवस्थापन गर्ने कार्यमा नेपाली सेनासँग सहकार्य गरेको ।
- सुनकोशी पावर हाउसमा क्षेति भएको हुँदा तत्काल काठमाण्डौबाट केन, ट्रान्सफर्मर जस्ता सामान पठाई विद्युत सेवा सुचारु गर्ने कार्यमा सहयोग पुऱ्याएको ।
- सिन्धुपाल्चोक, काभ्रेपलाञ्चोक र दोलखा जिल्लाका विभिन्न स्थानमा हेभी इक्विपमेन्ट पठाई खोज तथा उद्धार कार्यमा योगदान दिएको, सडक यातायात सुचारु गराउने कार्यमा प्रशंसनीय कार्य गरेको ।
- भग्नावशेष व्यवस्थापन तथा सर-सफाई कार्यमा उल्लेखनीय भूमिका निर्वाह गरेको ।
- जिल्ला दैवी प्रकोप उद्धार समितिको निर्णयानुसार गठित प्राविधिक समितिको सदस्य भई उद्धार, राहत र उपकरण परिचालनको कार्यमा उल्लेखनीय काम गरेको ।
- अनुशासित, शीष्ट, भद्र र समय पालनामा पक्का कर्मचारी ।

सडक विभाग अन्तर्गत ११ किलो-छेपेटार-भालुस्वाँरा-बारपाक सडक योजनाका योजना प्रमुख श्री प्रेम प्रकाश खत्रीले आफ्नो कार्य सम्पादनको सिलसिलामा निर्वाह गरेको भूमिका र उत्कृष्ट अभ्यासहरु (Best Practices) सम्बन्धी विवरण (Profile) :

नामः प्रेम प्रकाश खत्री ।

दर्जाः योजना प्रमुख ।

श्रेणीः राजपत्रांकित द्वितिय ।

क.स.न.: १८७१६७

सेवा/समूह/उपसमूहः नेपाल इन्जिनियरिङ्ग/सिभिल/हाइवे ।

कार्यालयः ११ किलो-छेपेटार-भालुस्वाँरा-बारपाक सडक योजना, गोरखा ।

जन्म मितिः २०४०।६।१०

सेवा प्रवेश मितिः २०६२।९।३

हालको पदमा बढुवा मितिः २०७१।१।२२

हालको कार्यालयमा कार्यरत मितिः २०७१।१।२३ देखि

**<u>सम्पादित कार्य / Best Practices हरु</u>**

- २०७२ साल वैशाख १२ गते गोरखाको बारपाक केन्द्रविन्दु (Epi Centre) भई गएको महाभूकम्पले ध्वस्त वनाएको ११ किलो-छेपेटार-बारपाक सडक योजना सुचारु गर्ने कार्यमा वैशाख १२ गते देखि नै अनवरत प्रयास गरी अतुलनीय योगदान पुऱ्याएको ।
- महाभूकम्पले क्षतिग्रस्त बनाएको गोरखा जिल्ला अन्तर्गतका बारपाक, लाप्राक-गुम्दा सडक, बेनीघाट-आरुघाट-सोती सडक जस्ता रणनीतिक सडकहरु सुचारु गरी यातायात संचालन गर्ने कार्यमा अहोरात्र खटिई प्रशंसनीय कार्य गरेको ।
- महाभूकम्पले ध्वस्त पारेको गोरखा जिल्ला अन्तर्गत अन्य जिल्ला स्तरीय र ग्रामीण सडक संचालन गर्न जिल्ला स्तरीय यातायात कार्यदलको संयोजक भई अहम् भूमिका निर्वाह गरेको ।
- आफू कार्यरत सडक योजनाको गुणस्तरीय निर्माणका लागि नियमित अनुगमन लगायत आयोजना व्यवस्थापनमा अनवरत जिम्मेवारीपूर्वक दायित्व निर्वाह गरिरहेको ।
- अत्यन्त अनुशासित, आफ्नो विषयमा र भरपर्दो राष्ट्रसेवक ।

सडक विभाग अन्तर्गत पुल योजना, पश्चिम क्षेत्र, सेक्टर नं.३ का योजना प्रमुख श्री गणेश कुमार गौतमले आफ्नो कार्य सम्पादनको सिलसिलामा निर्वाह गरेको भूमिका र उत्कृष्ट अभ्यासहरु (Best Practices) सम्बन्धी विवरण (Profile) :

नामः गणेश कुमार गौतम ।

दर्जाः योजना प्रमुख ।

श्रेणीः राजपत्रांकित द्धितिय ।

क.स.न.: ६१८०७

सेवा/समूह/उपसमूहः नेपाल इन्जिनियरिङ्ग/सिभिल/हाइवे ।

कार्यालयः पुल योजना, पश्चिम क्षेत्र, सेक्टर नं.३ ।

जन्म मितिः २०३६।४।३०

सेवा श्रेणीमा बढुवा मितिः २०६६।१।१६

हालको कार्यालयमा कार्यरत मितिः हालको श्रेणीमा नियुक्ती भएदेखि हालसम्म पुल आयोजना अन्तर्गत कार्यरत रहिरहेको ।

**<u>सम्पादित कार्य / Best Practices हरु</u>**

- आफूलाई तोकिएको कार्य अत्यन्त लगनशीलता, इमान्दारी र जिम्मेवार ढंगले पूरा गर्ने गरेको ।
- वर्दिया जिल्लाको कर्णाली पारीका ११ वटा गा.वि.स. रहेको स्थान कोठियाघाटस्थित कर्णाली पुल निर्माण नहुँदासम्म टापुको रुपमा रहेको र त्यहाँका जनताको जीवन जोखिमपूर्ण थियो ।
- सडक विभागको पहलमा १ कि.मि.लामो कोठियाघाट पुल निर्माणको सिलसिलामा योजना प्रमुखको हैसियतले पाँच वर्ष अवधि तोकि काम सुरु भएको पुल  निर्माण कार्य साँढे तीन वर्षमै पूरा गरी यातायात संचालन गर्ने कार्यमा अत्यन्त महत्वपूर्ण योगदान गरेको ।
- उल्लिखित पुलबाट यातायात संचालन भएपछि उक्त क्षेत्रको आर्थिक गतिविधिमा उल्लेखनीय बृद्धि भएको, स्थानीय जनता लाभान्वित भएको र आन्तरिक पर्यटनमा बृद्धि भएको । सो पुल स्थानीय जनता, सडक विभाग र राष्ट्रकै लागि गौरवको विषय बनेको छ ।
- निजले योजना अवधिको एक दिन पनि खेर नफाली काम गरे/गराएको ।
- पुलको एउटा फाउण्डेसनमा समस्या आई अन्योल उत्पन्न भएको अवस्थामा निजले नै समस्या पत्ता लगाई निर्माण व्यवसायीलाई समस्या समाधानको सुझाव दिई सफल कार्यान्वयन गरेको ।
- वजेट निकासा, कामको गुणस्तर, निर्माण कार्यमा शीघ्रता कायम गरी/गराई समय अगावै योजना पूरा गरेको ।

सडक विभाग, योजना अनुगमन तथा मुल्यांकन शाखामा कार्यारत शाखा प्रमुख श्री लक्ष्मी दत्त भट्टले आफ्नो कार्य सम्पादनको सिलसिलामा निर्वाह गरेको भूमिका र उत्कृष्ट अभ्यासहरु (Best Practices) म्बन्धी विवरण (Profile) :

नामः लक्ष्मी दत्त भट्ट ।

दर्जाः सिनियर डिभिजनल ईन्जिनियर ।

श्रेणीः राजपत्रांकित द्धितिय ।

क.स.न.: १८७३९२

सेवा/समूह/उपसमूहः नेपाल इन्जिनियरिङ्ग/सिभिल/हाइवे ।

कार्यालयः सडक विभाग, योजना अनुगमन तथा मुल्यांकन शाखा ।

जन्म मितिः २०३८।२।१२

सेवा प्रवेश मितिः २०६३।९।३

हालको पदमा बढुवा मितिः २०७१।१।२२

हालको कार्यालयमा कार्यरत मितिः हालको श्रेणीमा नियुक्ती भएदेखि हालसम्म सडक विभाग, योजना अनुगमन तथा मुल्यांकन शाखा कार्यरत रहिरहेको ।

**<u>सम्पादित कार्य / Best Practices हरु</u>**

**<u>इन्जिनियर पदमा रहँदा</u>**

- सुदुर पश्चिम क्षेत्रमा कार्यकालको ५ वर्षभन्दा बढी कार्यरत रही सडक पूर्वाधार क्षेत्र विकासमा सहयोग पुर्‍याएको ।
- बैतडी दार्चुला सडक योजनामा २ वर्ष अवधि कार्यरत रही दार्चुला सदरमुकाम पहुँच मार्ग कालोपत्रे सडक निर्माण एवं ५ वटा पुलहरु निर्माण सम्पन्न गरेको ।
- सडक विभाग, योजना अनुगमन तथा मूल्यांकन शाखामा २ वर्षको अवधिमा ईन्जिनियर पदमा रहँदा वार्षिक योजना तर्जुमामा सहयोग, मासिक, त्रैमासिक र वार्षिक प्रगती तयार गर्ने एवं पेश भएका कार्यक्रमहरु चेक गर्ने कार्य गरेको ।
- आफूलाई तोकिएको कार्य अत्यन्त लगनशीलता, इमान्दारी र जिम्मेवार ढंगले पूरा गर्ने गरेको ।

**हालको पदमा कार्यरत रहँदा :**

- चालु आ.व. २०७२/७३ कोवार्षिक विकास कार्यक्रम भाग १ र २ तयार गर्ने कार्य गरेको ।
- विभिन्न निकायहरुबाट मागभए अनुसारका सडक विभागको मासिक, त्रैमासिक, वार्षिक प्रगति तयार गरेको ।
- अर्थ मन्त्रालयसँग समन्वय गरी आवश्यक वजेट उप शिर्षकमा रकम रकमान्तरमा सहयोगीको भूमिका निर्वाह गरेर गत आ.व. ०७१/७२ मा भूकम्प पश्चातको विषम परिस्थितिमा पनि सडक विभागको नेपाल सरकार स्रोतको लगभग ९३ प्रतिशत खर्च भएको छ ।
- यसरी ईन्जिनियर र ईकाई प्रमुख गरी ०६८ चैत्र देखि हाल सम्म गरी ४ वर्षसम्म सडक विभाग योजना अनुगमन तथा मूल्यांकन शाखामा कार्यरत रही सडक विभागको वार्षिक योजना तर्जुमा, विभिन्न प्रगति विवरणहरु तयार गर्ने कार्यमा सहयोग गरेको ।

सडक विभाग, पुल महाशाखाका ईन्जिनियर श्री अञ्जु परियारले आफ्नो कार्य सम्पादनको सिलसिलामा निर्वाह गरेको भूमिका र उत्कृष्ट अभ्यासहरु (Best Practices) सम्बन्धी विवरण (Profile) :

नामः अञ्जु परियार ।

दर्जाः ईन्जिनियर ।

श्रेणीः राजपत्रांकित तृतीय ।

क.स.न.: १९७९३०

सेवा/समूह/उपसमूहः नेपाल इन्जिनियरिङ्ग/सिभिल/हाइवे ।

कार्यालयः सडक विभाग ।

जन्म मितिः २०३९।५।२२

सेवा प्रवेश मितिः २०६३।९।३

हालको पदमा नियुक्ति मितिः २०६३।९।३

हालको कार्यालयमा कार्यरत मितिः २०७०।५।१ देखि

**सम्पादित कार्य / Best Practices हरु**

- कन्सल्टेन्सी सर्भिस सम्बन्धी मूल्यांकन ।
- कन्सलटेण्टबाट प्राप्त पुलहरुको Design, Drawing चेक गरी तोकिएको समय भित्रै अघि वढाएको ।
- पुल महाशाखाको वार्षिक कार्यक्रम र प्रगती तयार गरेको ।
- डिभिजन सडक कार्यालय, योजना कार्यालयहरुको वार्षिक कार्यक्रमहरु चेक गरी अघि वढाएको ।
- पुल महाशाखाबाट टेण्डर आह्वान भएका पुलहरुको मूल्यांकन, Agreement, Document तयार गरेको ।
- डिभिजन सडक कार्यालय, योजना कार्यालयहरुको योजनाको म्याद थप, भेरियसन सम्बन्धी फाइलहरु चेक गरी रायसाथ अघि वढाएको ।
- पुलहरुको Design, Estimate आदि विषयमा उठेका समस्या समाधानका विषयहरुमा अमूल्य राय दिएको ।
- आफ्नो कार्यमा सदा दत्तचित्त र अनुशासित महिला कर्मचारी ।

सडक विभाग अन्तर्गत डिभिनज सडक कार्यालय, चरिकोटको ईन्जिनियर पदमा पदाधिकार रहका श्री दशरथ यादवले आफ्नो कार्य सम्पादनको सिलसिलामा निर्वाह गरेको भूमिका र उत्कृष्ट अभ्यासहरु (Best Practices) सम्बन्धी विवरण (Profile) :

नामः दशरथ यादव ।

दर्जाः ईन्जिनियर ।

श्रेणीः राजपत्रांकित तृतीय ।

क.स.न.: ११८८८४

सेवा/समूह/उपसमूहः नेपाल इन्जिनियरिङ्ग/सिभिल/हाइवे

कार्यालयः डिभिजन सडक कार्यालय, चरिकोट

जन्म मितिः २०१५।९।२१

सेवा प्रवेश मितिः २०४६।४।१

हालको श्रेणीमा बढुवा मितिः २०६४।१०।१

हालको कार्यालयमा कार्यरत मितिः २०७०।६।६ देखी

**<u>सम्पादित कार्य / Best Practices हरु</u>**

- आफूलाई तोकिएको कार्य सकीयता, निष्पक्षता र जिम्मेवारीपूर्वक पूरा गर्ने कार्यमा उल्लेखनीय भूमिका रहेको ।
- २०७१ साल श्रावण १६ गते राती खचानक सिन्धुपाल्चोक जिल्लाको मांखा गा.वि.स. वडा नं. १ जुरे भन्ने स्थानमा भीषण पहिरो गई सुनकोशी नदी थुनिई अपार जनधनको क्षेति र अरनिको राजमार्ग अवरुद्ध हुन गएकोमा निजले घटनास्थलमै खटिई नयाँ ट्रयाक खोली यातायात सेवा संचालन गर्ने कार्यमा अत्यन्त महत्वपूर्ण योगदान पुऱ्याएको ।
- घटनास्थलमा अहोरात्र खटिई उद्धार तथा राहत कार्यमा समेत अतुलनीय भूमिका निर्वाह गरेको ।

सडक विभागमा कार्यारत कार्यालय सहयोगी श्री टहल बहादुर जिरेलले आफ्नो कार्य सम्पादनको सिलसिलामा निर्वाह गरेको भूमिका र उत्कृष्ट अभ्यासहरु (Best Practices) सम्बन्धी विवरण (Profile) :

नामः टहल बहादुर जिरेल ।

दर्जाः कार्यालय सहयोगी ।

श्रेणीः श्रेणी विहिन ।

क.स.न.: १५०२३३

शुरु नियुक्ति मितिः २०५३।९।२२

<u>**सडक विभागमा रही गरेको कार्यहरुः**</u>

- टिप्पणी फाईलहरु मन्त्रालयमा पुऱ्याउने । अन्य चिठ्ठिपत्रहरु शाखा/महाशाखाहरुमा, एवं सम्बन्धित कार्यालयमा पुऱ्याउने गरेको ।
- सफा सुग्घर गर्ने, कार्य कक्ष सफा राख्ने, कार्यालयमा रहेका सामान सुरक्षा गर्ने गरेको ।
- विभागमा पाल्नु भएको स्वदेशी तथा विदेशी महानुभाव एवं कार्यालयका अन्य कर्मचारीहरुलाई चिया पानी खाजा खुवाउने कार्य गरेको ।
- विभिन्न पत्र, कार्यक्रम फोटोकपी गर्ने, फ्याक्स गर्ने कार्य गरेको । आफु भन्दा माथिका कर्मचारीहरुबाट लाए अह्राएका विभिन्न कार्यहरु कुनै झिंजो नमानी गर्ने गरेको ।
- अत्यन्त अनुशासित, निष्ठावान र इमान्दार राष्ट्रसेवक

**यातायात व्यवस्था विभाग योजना शाखामा कार्यरत शाखा अधिकृत श्री वीरेन्द्र बहादुर स्वारले आफ्नो कार्य सम्पादनको सिलसिलामा निर्वाह गरेको भूमिका र उत्कृष्ट अभ्यासहरु (Best Practices) सम्बन्धी विवरण (Profile) :**

नाम : वीरेन्द्र बहादुर स्वार

दर्जा : शाखा अधिकृत

श्रेणी : राजपत्राङ्कित तृतीय

संकेत नं. : १८६७४९

सेवा/समूह/उपसमूह : प्रशासन/सामान्य प्रशासन

कार्यालय : यातायात व्यवस्था विभाग

सेवा प्रवेश मिति : २०६३/६/८

हालको पदमा नियुक्ति मिति : २०६३/६/८

**नियमित रुपमा सम्पादित कार्यहरु (Performed Jobs)**

- विभाग र अन्तर्गतका यातायात व्यवस्था कार्यालयहरुको नीति, योजना तथा कार्यक्रमको तर्जुमा, अनुगमन, मूल्यांकन र प्रभाव अध्ययन गर्ने कार्यमा महत्वपूर्ण योगदान पुऱ्याएको ।
- सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ सवारी तथा यातायात व्यवस्था नियमावली, २०५४, कार्यविधि निर्देशिकाको मातहतका कार्यालयहरुद्वारा पूर्ण पालना गर्ने गराउने तर्फ उल्लेख्य कार्य गर्नुका साथै समसामयीक सुधार तथा संशोधनका लागि महत्वपूर्ण कार्य गरेको ।
- यातायात व्यवस्था विभाग तथा कार्यालयहरुको वार्षिक योजना तर्जुमा, मासिक, चौमासिक, अर्धवार्षिक र वार्षिक प्रगति तयारी र वार्षिक समीक्षा गोष्ठीमा समेत अहं भूमिका निर्वाह गरेको ।
- यातायात व्यवस्था विभागको वार्षिक विकास कार्यक्रम तयार गर्ने कार्य गरेको ।
- यातायात व्यवस्था विभाग तथा कार्यालयहरुको विकास बजेट मितव्ययीता पूर्वक खर्च गर्नमा भूमिका निर्वाह गरेको ।
- यातायात व्यवस्था विभाग तथा कार्यालयहरुको सेवाग्राहीमैत्री भूमिका निर्वाहमा महत्वपूर्ण कार्य गरेको ।

- कर्मचारी प्रशासन सम्बन्धी कार्य गरेको ।
- यातायात व्यवस्था विभाग अन्तर्गतका कार्यालयहरुबाट संकलन गरिने सवारी कर तथा गैरकर राजश्व वृद्धि गर्ने कार्यमा उत्कृष्ट योगदान पुऱ्याएको ।
- सवारी चालक अनुमतिपत्र वितरणको लागि संचालन गरिने प्रयोगात्मक परीक्षा व्यवस्थित गर्ने निर्देशिका, २०६९ बमोजिम यातायात व्यवस्था कार्यालयहरुमा नयाँ ट्रायल सेन्टर निर्माणका लागि जग्गा प्राप्ति, बजेट व्यवस्था र ट्रायल सेन्टरको निर्माणमा मुख्य भूमिका निर्वाह गरेको ।
- यातायात व्यवस्था कार्यालय, मेची, लुम्बिनी र महाकालीको भवन निर्माण तथा यातायात व्यवस्था कार्यालय भेरीको जग्गा प्राप्तिका लागि योगदान पुऱ्याएको ।
- यातायात व्यवस्था कार्यालय, बागमती सवारी चालक अनुमतिपत्र एकान्तकुनामा सेवाग्राहीलाई सहज सेवा प्रदान गर्नको लागि लेआउट सुधारमा योगदान पुऱ्याएको ।
- मातहत कर्मचारीहरुको सुपरीवेक्षण एवं कार्य सम्पादन मूल्यांकन गरेको ।
- निजलाई विभागद्वारा तोकिएको अन्य सबै कार्य अत्यन्त लगनशील, इमान्दारी र जिम्मेवार ढंगले पूरा गर्ने गरेको ।

**सफल अभ्यासहरु (Best Practices)**

- विद्यमान सवारी चालक अनुमतिपत्रलाई स्मार्ट कार्डमा परिणत गर्ने कार्य अर्न्तगत ICT Development Project को कार्यान्वयन, अनुगमन र मूल्यांकनको कार्यमा विभागको Focal Point भई अत्यन्त कुशलतापूर्वक कार्य सम्पादन गरेको ।

# निजामती सेवा पुरस्कार, २०७२ को लागि सिफारिश गर्ने फाराम

| | |
|---|---|
| कर्मचारीको नाम | विनोद कुमार ओझा |
| संकेत नंवर | १४७६४१ |
| पद | मेकानिकल इन्जिनियर |
| श्रेणी | रा.प.तृ. |
| सेवा | नेपाल इन्जिनियरिङ |
| समुह | मेकानिकल |
| लिङ्ग | पुरुष |
| समावेसीताको आधार | मधेशी |
| सुरु नियुक्ती मिति | २०५३/०६/२३ |
| हालको पदमा नियुक्ती मिति | २०६८/१०/०१ |
| हाल कार्यरत कार्यालय। भौगोलिक क्षेत्र | रेल विभाग, साइट कार्यालय, जनकपुर (घ वर्ग) |
| यस अघि काम गरेको भौगोलिक क्षेत्र | १० वर्ष वनेपा, सिन्धुली सडक (ग वर्ग) मा काम गरेको |
| कर्मचारीले विभागीय कारवाही पाए नपाएको विवरण | नपाएको |
| असाधारण विदा लिए नलिएको विवरण | नलिएको |
| सिफिरश गरिएको पुरस्कार | निजामती सेवा पुरस्कार |
| पुरस्कारका लागि सिफारिश गर्नु पर्नाको कारण तथा कर्मचारीले गरेको उदाहरणीय कार्य | भारत सरकारको अनुदान सहयोगमा निर्माणाधिन जयनगर-जनकपुर-वर्दिवास रेलमार्गमा पर्ने जग्गा अधिग्रहण मुआव्जा वितरण लगायतका निर्माण कार्यमा सहजीकरण गरेको र नेपाल रेल्वे कम्पनीको Scrap लिलाम सम्वन्धी काम गरेको । |
| | सिफारिशकर्ता सम्वन्धित कार्यालय प्रमुखको |
| | दस्तखतः |
| | नामः अनन्त आचार्य |
| | विभागः रेल विभाग |
| | पदः महानिर्देशक |
| | मितिः २०७२/०४/२५ |